बिहीवार, १७ पुस २०७६ | Thursday, 2 January 2020

अभियान

# स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.
## Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजत पत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालयः तिलोत्तमा-५, रुपन्देही

## तेस्रो वार्षिक साधारणसभाको सूचना

श्री शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०७६/०९/१६ गते बुधबार बसेको संचालक समितिको ३७ औं बैठकको निर्णय अनुसार संस्थाको तेस्रो वार्षिक साधारणसभा निम्नलिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मितिः २०७६/१०/१० गते शुक्रबार, तदनुसार २४ जनवरी, २०२०

समयः बिहान ११.०० बजे

स्थानः डार्सिज इन्टरनेशनल होटल, बुटवल, रुपन्देही

**छलफलको विषय सूची :**

क. सामान्य प्रस्तावः

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७५/७६ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, आ.व. २०७५/७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

(३) आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति एंव नीजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको चुक्ता पूँजी रु.६,१८,६१,०००/- (छ करोड अठार लाख एकसठ्ठी हजार) को १.२७ प्रतिशतले हुन आउने रु.७,८१,४०२/११ नगद लाभांश (कर प्रयोजनको लागि) वितरण गर्न गरेको सिफारिस माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने ।

(५) संचालक समितिमा सर्बसाधारण शेयरधनीहरुको तर्फबाट २ जना संचालकहरुको निर्वाचन गर्ने र १ जना स्वतन्त्र संचालकको नियुक्तिको अनुमोदन गर्ने ।

ख. बिशेष प्रस्तावः

(१) संचालक समितिले सिफारिस गरे बमोजिम वित्तीय संस्थाको चुक्ता पूँजीको २४ प्रतिशतले हुन आउने रु.१,४८,४६,६४०/- (एक करोड अठ्चालिस लाख छ्यालिस हजार छ सय चालिस) बोनश शेयर जारी गर्ने ।

(२) बोनश शेयर जारी पश्चात कायम हुन आउने जारी तथा चुक्ता पूँजीको ३३.३३% अर्थात ३:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने ।

(३) हकप्रद शेयर आवेदन गर्ने हक जून समुहको शेयरधनीको (संस्थापक/सर्बसाधारण) हो सोही समुह अर्न्तगत रहने गरी हक हस्तान्तरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्र/नियमावली संशोधन गर्ने ।

(४) वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने ।

(५) संचालकहरुको बैठक भत्ता र अन्य भत्ता बृद्धि गर्ने गर्ने ।

(६) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

(७) अन्य इजाजतपत्र प्राप्त "घ" वर्गका वित्तीय संस्थासंग मर्जर (Merger) वा प्राप्ति (Acquisition) गर्न/गराउन उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पुर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(८) संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने ।

ग. विविध ।

**साधारणसभाको सन्दर्भमा शेयरधनी दर्ता किताब बन्द रहने सूचनाः**

मिति २०७६/०९/२५ देखि २०७६/१०/१० सम्म वित्तीय संस्थाको दाखिला खरेज दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७६/०९/२४ गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र सभामा भाग लिन, मतदान गर्न र लाभांश प्राप्त गर्न सक्नेछन् ।

संचालक समितिको आज्ञाले,

आर्थिक अभियान



## साधारणसभा सम्बन्धी सामान्य जानकारी:

१. साधारणसभामा भाग लिन आउने शेयरधनी महानूभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय खूल्ने कूनै प्रमाणपत्र अनिवार्य लिई आउनू पर्नेछ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नूपर्नेछ ।

२. सभामा भाग लिन इच्छुक शेयरधनी महानूभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लेखित परिचय पत्र नम्बर र हितग्राही (DMAT) खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनु हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको ठेगानामा हुलाक/कुरियरबाट तेस्रो वार्षिक साधारणसभाको प्रतिवेदन पठाइएको छ ।

४. साधारणसभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देहीमा साधारणसभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकर्रर गर्ने भएमा सोको लिखित सुचना सोही अवधीभित्र संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत संस्थाको शेयरधनी हुनु पर्नेछ ।

५. प्रतिनिधि नियुक्ति गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी बदर हुनेछ ।

६. नाबालक वा विक्षिप्त शेयरधनीहरुज्युका तर्फबाट संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

७. शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

८. यस वित्तीय संस्थाको संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७६ शेयरधनीहरुले वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।

९. समुह "ख" अर्न्तगतका संचालकको निर्वाचन सम्बन्धी विस्तृत जानकारीको लागि वित्तीय संस्थाको रजिष्ट्रर्ड कार्यालय, तिलोत्तमा-५, रुपन्देहीमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

१०. यस वित्तीय संस्थाको संचालकमा उम्मेदवार हुनका लागि संस्थाको नियमावलीमा उल्लेख भए बमोजिम न्युनत्तम १०० कित्ता शेयर धारण गरेको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम योग्य भएको हुनु पर्नेछ । सर्बसाधारण शेयरधनीहरुको तर्फबाट २ जना संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले संस्थाको केन्द्रीय कार्यालयमा सुचना प्रकाशन गरे बमोजिम हूनेछ ।

११. शेयरधनी महानुभावहरुको सुबिधाको लागि हाजिरी पुस्तिका सभा हुने बिहान १०.०० बजे देखि खुल्ला रहनेछ ।

१२. अन्य थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देहीमा सम्पर्क गर्नुहुन अनुरोध छ ।





Biz FM 94.9
इम्पेल मिडिया प्रा.लि.
सूर्यविक्रम ज्ञवालीमार्ग, मध्यबानेश्वर, काठमाडौं
फोन नं. ०१-४४८३३२१, इमेल : bizfm94.9@gmail.com

# स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.

## Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देही**

# तेस्रो वार्षिक साधारण सभाको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७६/०९/१७ गते)**

**श्री शेयरधनी महानुभावहरू,**

यस वित्तीय संस्थाको मिति २०७६/०९/१६ गते बुधवार बसेको संचालक समतिको ३७ औं बैठकको निर्णय अनुसार संस्थाको तेस्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

**मिति:** २०७६/१०/१० गते शुक्रबार, तदनुसार २४ जनवरी, २०२०

**समय:** विहान ११:०० बजे

**स्थान:** डार्सिज इन्टरनेशनल होटल, बुटवल, रूपन्देही

**छलफलको विषय सूची:**

**क.सामान्य प्रस्ताव:**

(१) संचालक समितिको तर्फबाट अध्यक्ष ज्यू बाट प्रस्तुत हुने आर्थिक बर्ष २०७५/७६ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षण प्रतिवेदन सहित सहितको २०७६ आषाढ मसान्तको वासलात, आ.व. २०७५/७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने।

(३) आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षण कार्यकोलागि लेखापरीक्षक नियुक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने।

(४) संचालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको चुक्ता पूँजी रु.६,१८,६१,०००।- (छ करोड अठार लाख एकसट्ठी हजार) को १।२७ प्रतिशतले हुन आउने रु.७,८१,४०२।११ नगद लाभांश (कर प्रयोजनको लागि) बितरण गर्न गरेको सिफारिस माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने।

(५) संचालक समितिमा सर्वसाधारण शेयरधनीहरूको तर्फबाट २ जना संचालकहरूको निर्वाचन गर्ने र १ जना स्वतन्त्र संचालकको नियुक्तिको अनुमोदन गर्ने।

**ख. बिशेष प्रस्ताव:**

(१) संचालक समितिले सिफारिस गरे बमोजिम वित्तीय संस्थाको चुक्ता पूँजीको २४ प्रतिशतले हुन आउने रु.१,४८,४६,६४०।- (एक करोड अठचालिस लाख छियालिस हजार छ सय चालिस) बोनश शेयर जारी गर्ने।

(२) बोनश शेयर जारी पश्चात कायम हुन आउने जारी तथा चुक्ता पूँजीको ३३।३३% अर्थात ३:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने।

(३) हकप्रद शेयर आवेदन गर्ने हक जुन समूहको शेयरधनीको (संस्थापक /सर्वसाधारण) हो सोही समूह अर्न्तगत रहनेगरी हक हस्तान्तरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्र / नियमावली संशोधन गर्ने।

(४) वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने।

(५) संचालकहरूको बैठक भत्ता र अन्य भत्ता बृद्धि गर्ने।

(६) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने।

(७) अन्य इजाजतपत्रप्राप्त "घ" वर्गका वित्तीय संस्थासंग मर्जर (Merger) वा प्राप्ति (Acquisition) गर्न र गराउन उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पुर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

(८) संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनूसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने।

**ग. विविध।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**नोटः** अन्य विस्तृत जानकारीको लागि मिति २०७६/०९/१७ गतेको "अभियान" राष्ट्रिय दैनिकमा हेर्नुहुन अनुरोध छ।